# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, फागुन २३ गते २०५३ साल (अतिरिक्ताङ्क ६१

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजका हजूरमा प्रतिनिधि सभाका सभामुखले प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ को उपधारा (१) बमोजिम आफूमाथि प्रतिनिधि सभाको विश्वासको मतको लागि प्रतिनिधि सभामा राख्नु भएको प्रस्ताव २०५३ साल फागुन २३ गतेको बैठकमा निर्णयार्थ प्रस्तुत गरिंदा उक्त विश्वासको प्रस्ताव अस्वीकृत भएको व्यहोरा जाहेर गर्नु भएको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाको आफूमाथि विश्वासको मत मागेकोमा धारा ५९ को उपधारा (३) बमोजिम बहुमत प्राप्त हुन नसकेको कारण दर्शाई प्रधानमन्त्रीको पदबाट चढाउनु भएको राजीनामा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ ।

साथै मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ को उपधारा (७) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म वर्तमान मन्त्रिपरिषद्-लाई कार्य संचालन गरिरहन तोकिबक्सेको छ ।

१४५२

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।